# स्थानीय राजपत्र

भुम्लु गाउँपालिकाद्धारा प्रकाशित

खण्ड ८ संङ्ख्याः ३ मिति २०८१ श्रावण ३१ गते

भाग २

## भुम्लु गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## सल्ले, काभ्रेपलाञ्चोकको
## सूचना

भुम्लु गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ

"जडीबुटी प्रशोधन केन्द्र (स्थापना,संचालन तथा नियमण) कार्यविधि २०८१"



प्रमाणीकरण मितिः २०८१।०५।०५
राजपत्रमा प्रकाशन मितिः २०८१।०५।१०

संवत् २०८१ सालको कार्यविधि नं. १

<u>प्रस्तावनाः</u> भुल्लु गाउँपालिका भित्र लोपोन्मुख प्रजातिका वनस्पति र जडीबुटीको पहिचान, दिगो सङ्कलन, पुनरुत्पादनको सुनिश्चितता, प्रविधि विकास, व्यवसायीकरण र बजारीकरण गर्न समुदाय तथा निजी क्षेत्रलाई प्रोत्साहन गरेमा यस गाउँपालिका आर्थिक उपार्जनको माध्यम बन्न सक्छ। नेपालमा पाइने महत्वपूर्ण जडीबुटीहरू एकातर्फ घट्दो क्रममा रहेका छन् भने अर्को तर्फ सङ्कलित जडीबुटीहरू समेत कच्चा पदार्थको रूपमा नै विदेश निर्यात हुने अहिलेको अवस्थाले देशले यो महत्वपूर्ण क्षेत्रबाट पर्याप्त लाभ लिन सकेको छैन। यसै अनुरूप महत्वपूर्ण जडीबुटीहरूको प्रशोधन देश भित्र नै गर्दै जडीबुटीको मूल्य अभिवृद्धि गर्ने र दीर्घकालीन रूपमा देश भित्र नै नेपाली जडीबुटीमा आधारित वस्तु उत्पादन गर्दै सामाजिक गरिबी न्यूनीकरण र समतामूलक विकासमा समेत सघाउ पुऱ्याउने योजना रहेको सन्दर्भमा सो कार्यक्रम सञ्चालन प्रकृयालाई सहज व्यवस्थित र प्रभावकारी बनाउन आवश्यक भएकोले भुल्लु गाउँपालिका गाउँकार्यपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ।

### परिच्छेद-१
### प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> १) यस कार्यविधिको नाम "जडीबुटी प्रशोधन केन्द्र (स्थापना,संचालन तथा नियमण) कार्यविधि २०८१" रहेको छ।

(२) यो कार्यविधि गाउँकार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

२. <u>परिभाषा:</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) "जडीबुटी" भन्नाले औषधीय महत्व भएको वनस्पतिलाई सम्झनु पर्दछ ।

ख) "कार्यक्रम" भन्नाले जडीबुटी प्रशोधन केन्द्रको स्थापना तथा सञ्चालन सम्बन्धी कार्यक्रम सम्झनु पर्दछ ।

ग) "समूह" भन्नाले स्थानीय रूपमा रहेका वा गठन हुने उपभोक्ता समूह वा लाभग्राही समूह वा वन उपभोक्ता समूह वा सहकारी ऐन २०४८ अनुसार गठन भएको सहकारी, कृषक समूह समेतलाई सम्झनु पर्दछ।

घ) "मन्त्रालय" भन्नाले वन तथा वातावरण मन्त्रालय सम्झनु पर्दछ।

ङ) "विभाग" भन्नाले वनस्पति विभाग सम्झनु पर्दछ ।

च) "समिति" भन्नाले कार्यक्रम कार्यान्वयन समिति पर्दछ।





## परिच्छेद-२
## कार्यक्रमको उदेश्य

३. <u>कार्यक्रमको उदेश्य:</u> यो कार्यक्रम देहायको उद्देश्य प्राप्तिको लागि संचालन गरिनेछ:

क) प्रशोधनमार्फत जडीबुटीको खेती प्रबर्दन र जडीबुटीको मूल्य अभिवृद्धि गर्ने।

ख) महत्वपूर्ण जडीबुटीहरूको प्रशोधन कार्यलाई प्रोत्साहन गरी दीर्घकालीन रूपमा गाउँपालिका भित्र नै जडीबुटीमा आधारित सामग्री उत्पादन गर्ने र आय आर्जनको मात्रा बढाउने ।

ग) जडीबुटीको व्यावसायिक खेती र प्रशोधन निजी क्षेत्र/सहकारी संघ/संस्था/समूह लगायत समाजका पिछडिएका, विपन्न र महिला वर्गहरूको सहभागितालाई बढावा दिइ रोजगारी र आयआर्जनको अवसरहरू बढाउने।

## परिच्छेद - ३
## कार्य संचालन प्रक्रिया

४. <u>कार्य संचालनको लागि प्रस्तावित क्षेत्र :</u> १) विज्ञ सहितको टोलीले गाउँपालिका भित्र जडिबुट्टि प्रशोधन केन्द्र स्थापनाको लागि सम्भाव्यता अनुसन्धान गराई सो टोलिको प्रतिवेदनको आधारमा स्थापनको प्रकृया अगाडि बढाइने छ।

२) विज्ञ सहितको टोलीले तय गरेको र गाउँपालिका बाट क्षेत्र भित्र प्रशोधन केन्द्र स्थापनाको लागि उपयुक्त स्थानहरूको छनौट गरिनेछ ।

३) जडीबुटी प्रशोधन केन्द्रको स्थापनाको लागि स्थान छनौट गर्दा एक भन्दा बढी सम्भाव्य स्थान देखिएमा तपसिल बमोजिमका आधारहरूमा रही स्थान छनौट गरिनेछ-

क) सडक सञ्जाल सँग जोडिएको

ख) बिजुली वा अन्य उपयुक्त वैकल्पिक उर्जाको व्यवस्था भएको

ग) मुख्य बजार सँग नजिक रहेको

## परिच्छेद-४
## बजार व्यवस्थापन तथा आर्थिक दायित्व

५.१ आर्थिक दायित्वः (१) यस कार्यक्रमको सञ्चालनको लागि आवश्यक बजेट गाउँपालिकाको वार्षिक स्वीकृत कार्यक्रममा उल्लेख भए बमोजिम हुनेछ । सघं सरकार र प्रदेश सरकारबाट आएको बजेट समेत यस कार्यक्रममा विनियोजन गर्न सक्नेछ।

५.२ बजार ब्यवस्थानः प्रशोधन केन्द्रको स्थापना पूर्वनै बजार व्यवस्थापनका लागि सम्भाव्यताको विषयमा गाउँ कार्यपालिकाले अध्ययनका लागि कार्यदल गठन गरि प्रतिवेदन





तयार गर्न लगाउने छ । सो टोलीले तयार गरेको प्रतिवेदनका आधारमा बजारको सुनिश्चितता पश्चात् कार्यक्रम कार्यान्वयन प्रकृया अगाडि बढाईने छ ।

## परिच्छेद- ५
## कार्यन्वयन समिति

६. कार्यान्वयन समिति (१) कार्यक्रम सञ्चालनको लागि प्रभावकारी व्यवस्था मिलाउने, फिल्ड निरीक्षण गर्ने/गराउने, कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गरि/गराई प्रगति समीक्षा गर्नका लागि देहाय बमोजिमको कार्यक्रम कार्यान्वयन समिति रहनेछ-

(क) गाउँपालिका अध्यक्ष- संयोजक

(ख) गाउँपालिका उपाध्यक्ष -सदस्य

(ग) प्रमुख प्रशासकीय अध्यक्ष- सदस्य

(घ) सम्बन्धित वडाको अध्यक्ष- सदस्य

(ग) प्रमुख, योजना तथा अनुगमन शाखा- सदस्य

(घ) प्रमुख लेखा शाखा- सदस्य

(ङ) प्रमुख आयुर्वेद केन्द्र - सदस्य सचिव

## परिच्छेद- ६
## आवश्यक पूर्वाधार तथा अन्य विवरण

**७.१ जडीबुटी प्रशोधन केन्द्रमा तल उल्लिखित सम्पूर्ण पूर्वाधारहरू आवस्यकता अनुसार स्थापना गरिनुपर्ने छः-**

७.१ **<u>जडीबुटी सुकाउने क्षेत्र (Drying yards)</u>** जडीबुटी (कच्चा, प्रशोधित, बस्तु) को गुणस्तरमा वृद्धि गरि निर्यातमा सहयोग पुऱ्याउनु जडीबुटी सुकाउने यार्डको निर्माण गरिनेछ खासमारि फल्ने, सफा गर्ने, ग्रेडिंग गर्ने र सुकाउने पूर्वाधार, जाली सहितको सुकाउने कक्ष वा कम तापक्रममा जडीबुटी सुकाउने आवश्यक सुविधा जडीबुटी सुकाउने क्षेत्र रहनेछ।

७.२ **<u>भण्डारण गृह (Storage godowns)</u>** सुकाएर प्रशोधनको लागि तयारी जडिबुटीहरूलाई अल्प र मध्यम समय सम्म राख्नको लागि हावा ओहोर दोहोर हुने, ओस नपर्नेर खेती गरिएको स्थानबाट टाढा नपर्ने गरि भण्डारण गृहको निर्माण गरिनेछ।

७.३ **<u>प्रशोधन इकाई (Processing unit)</u>** खेती गरिने जडीबुटी प्रजातिको आधारमा प्रशोधन इकाई (धुलो पार्ने, तेल निकाल्ने आदि) स्थापना गरिनेछ । प्रशोधन इकाई स्थापना गरिने क्षेत्र सडक सञ्जालमा जोडिएको हुनुपर्नेछ र बिजुली-बत्तिको पूर्वाधार सहितको व्यवस्था हुनुपर्नेछ।

७.४ माथि उल्लिखित पूर्वाधारहरूको स्पेसिफिकेसन तथा डिजाइन विज्ञ सहितको टोलीले तय गरे बमोजिम हुनेछ।

## परिच्छेद - ७
## कार्यक्रम अनुगमन तथा मुल्याँकन व्यवस्था





८. **<u>कार्यक्रम अनुगमन तथा मुल्याँकनः</u>** (१) कार्ययोजना अनुरूपको कार्य अनुगमन गर्न, शुल्क, बजार र अन्य व्यवस्थापकीय विवरणको सन्दर्भमा निरन्तर कार्य प्रगति जाँच गर्न समय समयमा अनुगमन गरिनेछ। प्रशोधनकेन्द्रको स्थापना, सञ्चालन, कार्य बोझ र औचित्यको आधारमा प्रत्येक १ वर्षमा तेस्रो पक्षबाट सम्बन्धित कार्यको नतिजाको लेखाजोखा गर्न र समस्या पहिचान गर्न मूल्याङ्कन गराइनेछ।

(२) यो कार्यक्रमको दिगोपनाको सुनिश्चितता लागि लागत भन्दा आम्दानी घटि भएमा सो कार्यक्रमको निरन्तरता दिइने छैन ।

## परिच्छेद - ८
## विविध

९. **<u>अन्तिम व्याख्या गर्न सक्नेः</u>** (१) यस कार्यविधिको कार्यान्वयनमा केही बाधा व्यवधान आइपरेमा वा दुविधा उत्पन्न भएमा गाउँकार्यपालिकाले सो को अन्तिम व्याख्या गर्न सक्नेछ ।

१०. **<u>कार्यविधिमा संशोधन तथा परिमार्जन</u>** (१) यस कार्यविधिमा आवश्यकता अनुसार गाउँपालिकालेले समय समयमा आवश्यक संशोधन तथा परिमार्जन गर्न सक्नेछ।

आज्ञाले
सुदर्शन भट्टराई
प्रमुख प्रशासकीय अधिकृत